नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
मार्तडी, बाजुरा

प.सं. : ०७३।०७४
च.नं. : ८२१

मिति : २०७३।१०।१०

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
ग्रामीण विकास समन्वय शाखा ,
सिंहदरवार काठमाण्डौ नेपाल

विषय : प्रगति प्रतिवेदन पठाइएको बारे ।

महोदय,

प्रस्तुत विषय सम्बन्धमा यस जिल्ला विकास समिति तथा अन्य विषयगत कार्यालयहरुद्वारा बाजुरा जिल्लामा सञ्चालन भईरहेको बहु क्षेत्रीय पोषण योजनाको चालु आर्थिक वर्षको श्रावण देखि पौष मसान्त सम्मको अर्धबार्षिक प्रगति प्रतिवेदन यसै पत्र साथ संलग्न रहेको ब्यहोरा अनुरोध छ ।

०७३।१०।१०

प्रकाशराज पौडेल
स्थानीय विकास अधिकारी

स्थानीय विकास अधिकारी

# जिल्ला विकास समिति

## मार्तडी, बाजुरा

## MSNP मासिक प्रगति प्रतिवेदन

प्रतिवेदन गरेको अवधी : २०७३ साल श्रावण देखि पौष मसान्त सम्म

प्रतिवेदन मिति : २०७३/१०/१०

**१. पृष्ठभूमि :**

नेपाल सरकार ले विसं. २०६९ सालदेखि बहुक्षेत्रीय पोषण योजना (२०१३ - २०१७) लागु गरि देशका विभिन्न जिल्लाहरुमा बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । वाजुरा जिल्ला पहिलो चरणमा कार्यक्रम सञ्चालन भएको जिल्ला हो । सन २०१४ देखि नमुनाको रुपमा २ वटा गाविस हुदै यो कार्यक्रम हाल १२ वटा गाविस तथा एक नगरपालिकामा विस्तार भइसकेको छ । विगत बर्षहरुमा बहुक्षेत्रीय पोषण अन्तरगत जिल्लाका MSNP लागु भएका गाविसहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

जिल्ला विकास समिति वाजुराका साथ साथै विभिन्न विषयगत कार्यालयहरुले छनौट भएका १५ वटा गाविसमा कार्यक्रमहरु सञ्चालन भएका थिए । राष्ट्रिय स्तरमा पुड्को पना ३७ प्रतिशत रहेकोमा बाजुरामा ५७.३ रहेको छ जसमा एम एस एन पी ले २०१७ को अन्त्य सम्ममा २९ प्रतिशत मा झार्ने लक्ष्य लिएको छ । ख्याउटेपना राष्ट्रीय स्तरमा ११ प्रतिशत रहेकोमा बाजुरामा ९.४ छ भने एम एस एन पी को लक्ष्य ५ प्रतिशतमा झार्ने रहेको छ । त्यसै गरी कम तौल हुनेको प्रतिशत राष्ट्रीय स्तरमा ३० रहेको छ बाजुरामा ४३.४ प्रतिशत रहेको छ जसमा एम एस एन पी को लक्ष्य २० प्रतिशतमा झार्ने रहेको छ । बाजुरा जिल्लामा माथीका सुचकहरुको अद्यावधिक भने हुन सकेको छैन ।

बाजुरा जिल्लामा हाल बहुक्षेत्रीय पोषण योजना लागु भएका गाविसहरुमा : बाधु, बाह्रबिस, साप्पाटा, कुलदेवमाण्डौ, जय बागेश्वरी, दोगडी, बुढिगंगा, कोल्टी, पाण्डुसेन, वाई, दहकोट, मार्तडी, जुगाडा, कैलाशमाण्डौ गुदुखाती रहेका छन । हाल बुढीगंगा, डोगडी र मार्तडी गाविस मिलेर बडिमालिका नगरपालिका बने पछि एक नगरपालिका र १२ गाविसमा यो कार्यक्रम सञ्चालन भइरहेको छ ।

बहुक्षेत्रीय पोषण योजना लागु भएका गाविसमा खास गरि सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुलाई केन्द्रित गरेर क्रियाकलापहरु सञ्चालन भइरहेका छन । बहुक्षेत्रीय पोषण योजना को म्यान्डेट अनुसार जिल्ला विकास समिति लगायत अन्य विषयगत कार्यालयहरुले आफनो आफनो कार्यलय मार्फत कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन ।

MSNP लागु भएका १५ वटा गाविसमा १६२६८ घरधुरीहरु रहेकोमा जम्मा ८७०७३ जनसंख्या रहेकोमा महिला ४४७२४ र पुरुष ४२३४९ रहेका छन् । जुन १५ गाविसहरुमा सुनौला हजार दिनका ......... महिलाहरु रहेका छन । उनिहरुलाई महिला स्वास्थ्य स्वंय सेवीकाहरुले नियमीत रुपमा भेटघाट गरि आबश्यक परामर्श दिई स्वास्थ्य संस्थाबाट प्रदान हुदै गइरहेको सेवामा समाहित गरिरहेका छन । यसै गरि १५ गाविसमा २ वर्ष मुनिका वाल वालिका ४१५६ रहेका छन । MSNP लागु भएका १५ वटा गाविसमा २६१६ जना महिलाहरु अनुमानीत गर्भवती हुने अनुमान गरीएको छ ।

बाजुरा जिल्लाको सवै गाविसहरुको विपन्नता स्तरीकरण जिविस र युनिसेफ डकाव कार्यक्रम ले सन २००७ मा गरेको थियो । जस अनुसार स्तरीकरण 3b मा ५ वाट गाविस, स्तरीकरण 4 मा २२ वटा गाविस रहेका छन । विपन्नता स्तरीकरण प्रतिवेदन अनुसार स्तीकरण 4 मा रहेका २२ वटा गाविसहरु अत्यन्तै विपन्न रहेको वताइन्छ । यद्धपी उक्त प्रतिवेदन त्यस पछिका दिनहरुमा अद्याबधिक गरिएको भने छैन ।

**२. बजेट प्रक्रिया (गत. आ. व.) :** गत आर्थिक वर्ष २०७२/०७३ को लागि जिल्ला विकास समिति मा अख्तियारी प्राप्त भई विभिन्न विषयगत कार्यालयहरु मार्फत खर्च गरिएको थियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट अख्तियारी प्राप्त भए पछि जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले जिविस तथा अन्य विषयगत कार्यालय मार्फत कार्यान्वयन हुने गरि योजना छनौट तथा बजेट ब्रेक डाउन गरेको थियो । गत आर्थिक वर्षको बजेट तथा खर्चको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

विभिन्न विषयगत कार्यालयहरुको बहुक्षेत्रीय पोषण योजनाको बजेट तथा खर्चको विवरण :

| क्रं. सं. | कार्यालयको नाम | आ.व.२०७२/०७३ | |
|---|---|---|---|
| | | बजेट | खर्च |
| १ | जिल्ला विकास समिति, बाजुरा | १०१५००० | ६१४५५० |
| २ | महिला तथा बालबालिका कार्यालय, बाजुरा | १०७५००० | १०७१००० |
| ३ | जिल्ला कृषि विकास कार्यालय, बाजुरा | १६७०००० | १३९८६५५ |
| ४ | जिल्ला पशुसेवा कार्यालय, बाजुरा | १६५०००० | १६५०००० |
| ५ | ख.पा. तथा सरसफाई सवडिभिजन कार्यालय, | १५२५००० | १०१५३१० |
| ६ | जिल्ला शिक्षा कार्यालय, बाजुरा | ११५७००० | ११५७००० |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय, बाजुरा | | |
| जम्मा | | ८०९२००० | ६९०६५१५ |

**३. यो आर्थिक वर्षको बजेट प्रक्रियाका निर्देशनहरू (अख्तियारी) र कार्यक्रम तर्जुमा :** संङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय बाट मिति २०७३/०८/१० गते च.नं. ९१ को प्राप्त पत्र अनुसार आ.व. २०७३/०७४ को विनियोजित बजेटको बाडफाँड र खर्च गर्ने अख्तियारी प्राप्त भएको थियो । जस अन्तरगत जिल्ला विकास समिति, बाजुरा लाई १५ लाख, महिला तथा बालबालिका कार्यालय, बाजुरा लाई १७ लाख, जिल्ला कृषि विकास कार्यालय, बाजुरा लाई १७ लाख, जिल्ला पशुसेवा कार्यालय, बाजुरा लाई १७ लाख, खाने पानी तथा सरसफाई सवडिभिजन कार्यालय, बाजुरा लाई १७ लाख र जिल्ला शिक्षा कार्यालय, बाजुरा लाई १७ लाख गरी रु एक करोडको बाडफांड गरिएको छ । उक्त अख्तियारी अनुसारको कार्यक्रम बनाई जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिवाट मिति २०७३/०९/१० गते स्वीकृत गरिएको थियो । उक्त वजेटको ब्रेकडाउन सहितको FACE फारम भरी २०७३/०९/२६ गते UNICEF को क्षेत्रीय कार्यालय नेपालगञ्जमा पठाई सकिएको छ ।

- सबै विषयगत कार्यालयहरूलाई छुट्याईको बजेटका आधारमा विभिन्न क्रियाकलापहरू योजना गरेर बजेट तयार गरिए अनुसार FACE फाराम भरेर UNICEF मा मिति २०७३ पौष २६ गते पठाइएको ।

**Funding Authorization and Certificate of Expenditures**

UN Agency: UNICEF

Date: 10/01/2017

Country: Nepal
Programme Code & Title: IR 1.2.District Nutrition System
Project Code & Title: MSNP
Responsible Officer(s): Prakash Raj Poudel
Implementing Institution: District Development Committee, Bajura

Type of Request:
- ✔ Direct Cash Transfer (DCT)
- Reimbursement
- Direct Payment

Currency: NRS

| Activity Description from AWP with Duration | Coding for UNDP, UNFPA and WFP | REPORTING: Authorised Amount | Actual Project Expenditure | Expenditures accepted by Agency | Balance | REQUESTS / AUTHORIZATIONS( Jan to July 2017): New Request Period & Amount | Authorised Amount | Outstanding Authorised Amount |
|---|---|---|---|---|---|---|---|---|
| | | A | B | C | D = A - C | E | F | G = D + F |
| MSNP Activities - District Development Committee | 1.2 | | | | | 1,500,000 | | |
| MSNP Activities - District Education Office | 1.2 | | | | | 1,700,000 | | |
| MSNP Activities - Water Supply and Sanitation Sub Division Office | 1.2 | | | | | 1,700,000 | | |
| MSNP Activities - District Agriculture Office | 1.2 | | | | | 1,700,000 | | |
| MSNP Activities - District Live Stock Office | 1.2 | | | | | 1,700,000 | | |
| MSNP Activities -Women and Children Office | 1.2 | | | | | 1,700,000.00 | | |
| Total | | | | | | 10,000,000.00 | | |

CERTIFICATION
The undersigned authorized officer of the above-mentioned implementing institution hereby certifies that:
- ✔ The funding request shown above represents estimated expenditures as per AWP and itemized cost estimates attached.
- ☐ The actual expenditures for the period stated herein has been disbursed in accordance with the AWP and request with itemized cost estimates. The detailed accounting documents for these expenditures can be made available for examination, when required, for the period of five years from the date of the provision of funds.

Date Submitted: 10/01./2017 Name: Prem Bahadur Singh Title: Acting Local Developmetnt Officer of Bajura District

NOTES: * Shaded areas to be completed by the UN Agency and non-shaded areas to be completed by the counterpart.

FOR AGENCY USE ONLY:

FOR ALL AGENCIES
Approved by:
Name: ________
Title: ________
Date: ________

FOR UNICEF USE ONLY

| Account Charges | | Liquidation Information | |
|---|---|---|---|
| CAG Ref: CRQ ref., Voucher ref. | | CAG Ref: CRQ ref., JV ref. | |
| CRQ CAG GL: | | | |
| Training (762010) | 0 | DCT Amount | 0 |
| Travel (762020) | 0 | | |
| Mtgs. & Confs. (762030) | 0 | Less: | |
| Sal. & Sup. Costs (761030) | 0 | Liquidation Amount | 0 |
| Const. - Proj. Prem. (761040) | 0 | | |
| Other CAG (761010) | 0 | | |
| Total | 0 | Balance | 0 |

FOR UNFPA USE ONLY

| New Funding Release | |
|---|---|
| Activity 1 | 0 |
| Activity 2 | 0 |
| Total | 0 |

- योजनाका लागि कार्यान्वयन कार्ययोजना (सबै गतिविधिहरू बैशाख मसान्त भित्र पूरा हुनुपर्छ) सबै लाई एजेन्सीहरूलाई समावेश गरिएको निर्माण भएको/नभएको ।

कार्यक्रमहरु आषाढ मसान्त सम्ममा सम्पन्न गर्ने गरी निम्ननुसार कार्यक्रमहरु बनाईएको छ । जुन यसप्रकार छ ।

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | *स्वीकृत बजेट* | कैफियत |
|---|---|---|---|---|
| **जिविस बाजुरा** | | | | |
| १ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमीत बैठक | जिल्ला स्तरीय पोषण तथा खाद्य सूरक्षा निर्देशक समिति नियमित बैठक गर्ने । | ८३०००।० | |
| | | गाबिस तथा न.पा. मा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति पुर्नगठन र नियमित बैठक गर्ने | ३४५०००।० | |
| २ | नागरीक सचेतना केन्द्रलाई पोषण सम्बन्धि अभिमुखिकरण | १० वटा गा.बि.स.का नागरीक सचेतना केन्द्रका सहभागीहरुलाई पोषण सम्बन्धि गोष्ठि | ३०३३२०।० | |
| ३ | पोषण सन्देश प्रवाह सूचना केन्द्र व्यवस्थापन र सुदृढीकरणका लागि सूचना केन्द्रका सूचनाहरुको प्रकाशन र प्रशारण गर्ने । | स्थानीयस्तरमा पोषण प्रवर्द्धन बानी व्यहोरा परिवर्तन सम्वन्धी स्थानीय सञ्चार माध्यमसंग सहकार्य गरी श्रव्य, दृष्य सामाग्रीको उत्पादन तथा प्रशारण | ५००००।० | |
| | | पोषण सम्बन्धि अभिमुखिकरण कार्यक्रम पत्रकार पहासंघ मार्फत) | ५०५००।० | |

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| ४ | वडा नागरीक मञ्चलाई अभिमूखिकरण | ५ वटा गा.वि.स.का वडा नागरीक मञ्च तथा अन्य सरोकारवालाहरुलाई अभिमूखिकरण | १४८८५०।० | |
| ५ | जिल्ला स्तरीय अभिमुखिकरण | १५ गा.वि.स.का सरोकारवाला निकाय तथा विषयगत कार्यालयका प्रतिनिधीहरुलाई जिल्ला स्तरीय अभिमुखीकरण | ९५८५०।० | |
| ६ | ब्रोसर छपाई | ब्रोसर छपाई | ३४०००।० | |
| ७ | अनुगमन मुल्याङ्कन खर्च | अनुगमन मुल्याङ्कन खर्च जिविस | ५००००।० | |
| | | अनुगमन मुल्याङ्कन खर्च संयुक्त | १०००००।० | |
| ८ | लजिष्टिक सामान खरिद | लजिष्टिक सामान खरिद | ८५०००।० | |
| ९ | वार्षिक समिक्षा कार्यक्रम | वार्षिक समिक्षा कार्यक्रम | २६६५०।० | |
| १० | प्रगती प्रतिवेदन | प्रगती प्रतिवेदन तयार गर्ने | ६०००।०० | |
| ११ | MIS र DPMAS बारे फोकल प्रर्सन र कार्यालय प्रमुखलाई अभिमुखिकरण | MIS र DPMAS बारे फोकल प्रर्सन र कार्यालय प्रमुखलाई अभिमुखिकरण | ६९७९०।०० | |
| १२ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | सुनौला हजार दिनका विषयमा सासू,नन्द अमाजु, श्रीमान र घरपरिवारका अन्य सदस्यसंग छलफल कार्यक्रम | ५२०४०।०० | |
| | | **जम्मा** | १५०००००.० | |
| जिशिका, बाजुरा | | | | |
| 1 | १. बालक्लबहरुको गसुदिढकरण तथा परिचालन | 1.1 विद्यालयमा बालक्ल प्रअ तथा विव्यस अध्यक्षलाई 2 दिने अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | २४२८००.०० | |
| | | १.२ १२ गा वि स का 62 विद्यालयमा सबै विद्यार्थीलाई जुका फोलिक एसीड र आईरन को औषधि खुवाउने | १६५०००.०० | |
| | | १.३ १२ गा वि स का सबै माध्यमिक विद्यालयमा पोषण कर्नर र पोसिलो जाउलो प्रदर्शन | १९८९००.०० | |
| | | **१=४जिल्ला स्तरीय पढाईमेलामा पोषिलो जाउलो प्रदर्शन** | ३००००.०० | |
| | | १.५ विद्यालयमा बालक्लबहरुक सडक नाटक प्रदर्शन | २५०००.०० | |
| | | १.६करेशावारी सुदृढिकरण | ४८०००.०० | |

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | *स्वीकृत बजेट* | कैफियत |
|---|---|---|---|---|
| | | १.७ १० गा वि स का मा व तथा उच्च माध्यामिक विद्यालयका छात्राहरुका लागि पोषण तथा जिवनोपयोगि सिप सम्बन्धि २ दिने प्रशिक्षण | २२५०००.०० | |
| 2 | २. अपौचारिक शिक्षा पाठ्यक्रम पुनरावलोकन र अद्यावधिक गर्ने | 2.1 जिल्ला पाठ्यक्रम समन्वयन समितिको बैठक संचालन गर्ने | १००००.०० | |
| | | २.2 विद्यालयको स्थानीय विषय/अन्य विषयमा पोषणसंग सम्बन्धित विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन र प्रवोधिकरण गर्ने | २७०५००.०० | |
| ३ | 3. शिक्षक तालिम सहयोग तथा अनुगमन गर्ने | ३.१ **विद्यालयमा स्वास्थ्य विषय पढाउने शिक्षकलाई पोषण, स्वास्थ्य र** ध्क्ज **सम्बन्धि २ दिने तालिम संचालन गर्ने** सरसफाइ ब्यवस्थापन तालिम, कार्ययोजना निर्माण तथा सेवा क्षेत्रमा परिचालन सहित | २१७०५०.०० | |
| | | 3.2 वि नि र स्रोतव्यक्तिका लागि जिल्लास्तरमा ३ दिने प्रशिक्षक प्रशिक्षण गर्ने | ६३५२०.०० | |
| 4 | 4. साक्षरता कक्षामा पोषण सम्बन्धी विषयवस्तु समावेश गरी कक्षा संचालन गर्ने व्यवस्था गर्ने | 4.1 सामुदायिक अध्यायन केन्द्रमा स. का.लाई स्थानीय भाषामा पोषण सम्बन्धी निरन्तर शिक्षा मार्फत २ दिने तालिम | ९६९००.०० | |
| | | ४.२पोषण निर्दिष्ट स्रोतसामग्री/अध्यापन सामग्रीहरु तयार गरि विद्यालयलाई वितरण गर्ने | २१०००.०० | |
| 5 | ५. समन्वय, अनुगमन, प्रतिवेदन र अभिलेख प्रणाली सुदृढीकरण गर्ने | ५.१ विद्यालयमा पोषण सम्बन्धि कार्यक्रम संचालनका लागि जिल्लास्तरीय समन्वय समिति गठन एवं परिचालन गर्ने र अनुगमन | ५३२००.०० | |
| | | ५.२ सन्चार सहकार्य | २५०००.०० | |
| | | ५.३ जिल्लामा संचालित पोषण कार्यक्रम प्रतिवेदनलाई चौमासिक, अर्धबार्षिक र बार्षिक प्रतिवेदनसंग आवद्द गर्ने | ८१३०.०० | |
| | | जम्मा | १७०००००.०० | |
| खाने पानी तथा सरसफाई सव डिभिजन कार्यालय, बाजुरा | | | | |
| १. | गाविस स्तरीय (४ गाविस) | | | |

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| १.१ | सरसफाइ तथा स्वच्छता तथ्यांक अद्यावधिक (वडागत रजिष्टर कायम गर्ने) | ४ वटा गाविसको ३६ वटा वडाहरुमा तथ्यांक अद्यावधिक (वडागत रजिष्टर कायम गर्ने) | 25600 | |
| १.२ | भि वास सिसिलाई अभिमुखिकरण तथा रणनितिक योजना तर्जुमा | ४ वटा गाविसका भि वास सिसिलाई अभिमुखिकरण तथा गोष्ठि र रणनितिक योजना तर्जुमा | 102500 | |
| १.३ | वडा स्तरी पुर्ण सरसफाइ सम्बन्धी तालिम (१ दिने) | वडा स्तरका प्रतिनिधि (नागरिक मन्च, स्वयंम सेविका र सहजकर्ता) लाई पुर्ण सरसफाइ सम्बन्धी तालिम (१ दिने) | 114000 | |
| १.४ | पुर्ण सरसफाइ सम्बन्धी वडा स्तरीय आम भेला तथा ट्रिगरिगं, क्याम्पेन | पुर्ण सरसफाइ सम्बन्धी वडा स्तरीय आम भेला तथा ट्रिगरिगं, क्याम्पेन/नियमित घरदैलो कार्यक्रम (स्टीकर विधि) तथा प्रमाणीकरण | 174000 | |
| १.५ | ५ बर्ष मुनिमा बच्चाका आमाहरुलाई सरसफाइ तथा स्वच्छता सम्बन्धी तालिम/कक्षा | ५ बर्ष मुनिमा बच्चाका आमाहरुलाई सरसफाइ तथा स्वच्छता सम्बन्धी तालिम/कक्षा | 148000 | |
| १.६ | सामाजिक परिचालन गाविस स्तमा (४ महिना) | सामाजिक परीचालकहरुलाई ४ महिना परीचालन गर्ने प्रति गाविस १ जना ४ गाविस प्रति महिना रु. ५०००का दरले | 80000 | |
| १.७ | गाविस पुर्ण सरसफाई अवस्था अनुगमन तथा प्रमाणिकरण (गाविस समन्वय समितिबाट) | गाविस पुर्ण सरसफाई अवस्था अनुगमन तथा प्रमाणिकरण (गाविस समन्वय समितिबाट) | 46400 | |
| १.८ | गाविस तथा वडा पुर्ण सरसफाइ घोषणा सहयोग | गाविस तथा वडा पुर्ण सरसफाइ घोषणा सहयोग | 40000 | |
| | **जम्मा (गाविस क्षमता विकास तथा अभियान)** | | 730500 | |
| २ | **विद्यालय स्तरीय प्रर्वद्धनात्मक कार्यक्रम तथा अभियानहरु** | | | |
| क | विद्यालय वास कार्यक्रमको समिक्षा तया योजना निमार्ण गोष्ठी | विद्यालय वास कार्यक्रमको समिक्षा तया योजना निमार्ण गोष्ठी (अध्यक्ष प्रअ र वास फोकल शिक्षक) | 102000 | |

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | *स्वीकृत बजेट* | कैफियत |
|---|---|---|---|---|
| ख. | एकिकृत कार्ययोजना निर्माण तथा सेवा क्षेत्रमा परिचालन | विद्यालय व्यवस्थापन समिति, शिक्षकहरु, बाल क्लवरुलाई सरसफाइ व्यवस्थापन तालिम, कार्ययोजना निर्माण तथा सेवा क्षेत्रमा परिचालन १४ वटा | 71750 | |
| ग. | वाल क्लवद्धारा स्वच्छता अवस्था सुधारमा रचनात्मक कार्य गर्न | वाल क्लवद्धारा सेवा क्षेत्र तथा विद्यालयको सरसफाई तथा स्वच्छता अवस्था सुधारमा रचनात्मक कार्य गर्न | 50000 | |
| घ. | बालिकाहरुलाई महिनावरी व्यवस्थापन तथा स्यानीटरी प्याड बनाउने सम्वन्धि अभिमुखिकरण ( मावि, निमावि र उमावि) | बालिकाहरुलाई महिनावरी व्यवस्थापन तथा स्यानीटरी प्याड बनाउने सम्वन्धि अभिमुखिकरण ( मावि, निमावि र उमावि, अनुमानीत ८ वटा) | 69000 | |
| ङ | विद्यालय तथा स्वास्थ्य संस्थाहरुको वास अवस्था सुधारमा सहयोग | विद्यालय तथा स्वास्थ्य संस्थाहरुको वास अवस्था सुधारमा सहयोग | 500000 | |
| | **जम्मा (विद्यालय तर्फ)** | | 792750 | |
| ३ | **जिल्ला स्तरीय कार्यक्रम** | | | |
| क | जिल्ला स्तरीय कार्यक्रम अभिमुखीकरण | जिल्लाका सरोकारवालाहरु विच जिल्ला स्तरीय बहुक्षेत्रीय पोषण सम्बन्धि अभिमुखीकरण कार्यक्रम वास समिति तथा अन्य सरोकारवालाहरु (५० जनाको ईस्टिमेट) | 31750 | |
| ख. | कार्यक्रमको अनुगमन तथा प्राविधिक सहयोग | कार्यक्रमको सहजीकरण अनुगमन तथा प्राविधिक सहयोग | 75000 | |
| ग. | संचार | संचार, होडीङ बोर्ड, पोस्टर तथा फ्लेक्स प्रीण्ट तयारी | 40000 | |
| घ. | कार्यक्रम संचालनमा व्यवस्थापन | कार्यक्रम संचालनमा व्यवस्थापन, स्टेशनरी, श्रोत सामाग्री, फोटाकपी, प्रतिवेदन तथा संचार | 30000 | |
| | **जम्मा जिल्ला स्तरीय कार्यक्रम** | | 176750 | |
| | **कुल जम्मा** | | 1700000 | |
| **जिल्ला कृषि विकास कार्यालय, बाजुरा** | | | | |
| १. | **गाविस स्तरीय (४ गाविस)** | | | |
| १. | **पोषण सुधारका लागि करेसावारी सम्वन्धि तालीम १५ गाविसमा १ दिने** | १५ वटा गाविसमा १००० दिनका आमाहरुलाई १ दिने करेसावारी तरकारी खेती सम्वन्धि तालीम प्रदान गर्ने | ३६०००० | |
| २ | **उन्नत वीउ किट वितरण** | ४००० जनालाई खाद्यान्न तथा तरकारीको मिनिकिट वितरण गर्ने | ४००००० | |
| ३ | **करेसावारी प्याकेज वितरण ( हजारी, गार्डेन पाईप, ट्रे आदी)** | करेसावारी तालीममा सहभागी कृषकलाई प्याकेजकारुपमा सामग्री वितरण गर्ने | ६४०००० | |

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| ४ | **कार्यक्रम सामान ढुवानी खर्च** | वीउ तथा सामग्री ढुवानी | १५०००० | |
| ५ | **पोषणयुक्त वाली सम्वन्धि फ्लेक्स र पोष्टर छपाई** | १० वटा फ्लेक्स तथा पोष्टर छपाई | ३०००० | |
| ६ | **स्थानिय रेडियो पत्र पत्रिकामा कार्यक्रम प्रशारण** | रेडियो तथा पत्रपत्रिका मा विभिन्न सन्देशमुलक कार्यक्रम प्रकासन तथा प्रसारण गर्ने | २०००० | |
| ७ | **कार्यक्रम अनुगमन तथा मूल्यांकन तथा दै.भ्र.भ.** | कार्यक्रम संचालन तथा अनुमगन का लागि | १००००० | |
| | **कुल जम्मा** | | १७००००० | |
| **जिल्ला पशुसेवा कार्यालय, बाजुरा** | | | | |
| | चालु खर्च अर्न्तगतका कार्यक्रमहरु | | | |
| १ | समूह परिचालन | समूह परिचालन कुखुरा वितरण कार्यको लागि सहजीकरण गर्नको लागि(समूह सदस्यहरुलाई खाजा खर्च) | १८०००।०० | |
| २ | कुखुराको चल्ला वितरण | ८ हप्ते चल्ला खरिद तथा वितरण (सुनौला हजार दिनका आमाहरुलाई वितरण गर्नको लागि) | ८८१४४०।०० | |
| | | नेपालगञ्जबाट ८ हप्ते चल्ला ढुवानी | १२००००।०० | |
| | | औषधि दाना खरिद तथा ढुवानी | ८५५००।०० | |
| ३ | पशुजन्य प्रोटिनको उत्पदन तथा पोषण सम्बन्धि अभिमुखिकरण | पशुजन्य प्रोटिनको उत्पदन तथा पोषण सम्बन्धि अभिमुखिकरण | २५६३००।०० | |
| ४ | कुखुरा पालन सम्बन्धि ३ दिने तालिम संचालन, अण्डा व्यवस्थापन | कुखुरा पालन सम्बन्धि ३ दिने तालिम संचालन, अण्डा व्यवस्थापन | २५१६००।०० | |
| ५ | अनुगमन तथा मूल्याकंन | अनुगमन तथा मूल्याकंन | ६७१६०।०० | |
| ६ | पोषण सन्देश प्रवाह | पोषण सन्देश प्रवाह | २००००।०० | |
| | **जम्मा** | | १७०००००।०० | |
| महिला तथा बालबालिका कार्यालय, बाजुरा | | | | |
| १ | सुनौला १००० दिनका आमा र तिनका परिवारहरुलाई पोषण सम्वन्धी तालिम | १.१ महिला पूरुष सम विकास तालिम १ दिने (गा.वि.स १५) | ४९७७०० | |
| | | १.२ सूनौला १००० दिनका आमाहरु र तिनका परिवारका सदस्यहरुलाई पोषणमा लैगिंक विभेद सम्मन्धि २ दिने अभिमुखिकरण गााउस्थर ( गा. वि.स २) | १३०३२० | |

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| | | १.३ दलित ,आदिवासी जनजाती तथा विपन्न वर्गका किशोरीहरका लागी जिवनका महत्वपुर्ण अवस्थाहरु (गर्भावस्था ,सुत्केरी अवस्थामा पोषणको महत्व ( गा.वि.स १५ ) २ दिने | ४९७७०० | |
| २ | महिला समितिलाई अभिमुखीकरण | २.१ महिला संस्थाका, समिति पदाधिकारीहरुलाई सुनौला १००० दिन साशु, वुहारी अनुशिक्षण २ दिने( गा.वि.स (गा.वि.स ६ ) | १७७१८० | |
| | | २.२ सुत्केरीलाई पोसिलो खाना वितरण महिला सहबमरी संस्था संग समन्वय गरी (घिउ, अण्डा, मासु, गेडा गुडि, तेल आदि १५ गा.वि.सका अति विपन्न परीवारका महिलालाई वितरण गर्ने ) लिस्ट अनुसार | ३०५३३२ | |
| ३ | अनुगमन तथा मुल्याकन | अनुगमन मुल्याकन दैनिक भ्रमण भत्ता | ६६००० | |
| ४ | पोषण सन्देश प्रशारण प्रकाशन | पोषण सम्वन्धी सन्देश मूलक कार्यक्रम प्रकाशन र प्रशारण | १५७६८ | |
| ५ | वार्षिक प्रगति प्रतिवेदन | वार्षिक प्रगति प्रतिवेदन तयारी प्रकाशन | १०००० | |
| | | **जम्मा** | **१७०००००** | |
| जिल्ला श्वाश्थ्य कार्यालय, बाजुरा | | | | |
| १ | सामाजिक व्यवहार परिवर्तन सञ्चार | रेडियो, एफ.एम. बाट सुचना प्रसारण | ४००००।०० | |
| २ | आमाहरुको पोषण व्यवहारमा क्षमता विकास | बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन भईरहेका गाविस, वडाहरुमा रहेका सुनौला हजार दिनका आमाहरुको विस्तृत सुची तयार पारी अन्तरक्रिया गर्ने । | २८८८००।०० | |
| ३ | आमाहरुको पोषण व्यवहारमा क्षमता विकास | गाउंघर क्लिनिकबाट पहिचान भएका कुपोषित बच्चा आमा समुहमा प्रेषण गरी आमा समुहबाट नै पोषिलो जाउलो प्रदर्शन, छलफल, व्यवस्थापन तथा अनुगमन गर्ने | १५२०००।०० | |
| ४ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | पोषण कर्नर स्थापना तथा स्तरवृद्धि गर्ने | ४५०००।०० | |
| ५ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | आमा समुह स्तरीय स्वस्थ बच्चा छनोट प्रतियोगिता (Healthy Baby Competition) | ४४०८००।०० | |
| ६ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | पोषणको क्षेत्रमा उत्कृष्ट काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकालाइ परस्कृत गर्ने(गाविसमा १ जनालाई) | ३७५००।०० | |

| सि नं | मुख्य क्रियाकलाप | सहायक क्रियाकलापहरु | *स्वीकृत बजेट* | कैफियत |
|---|---|---|---|---|
| ७ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | जिवनका महत्वपूर्ण अवसरहरु मनाउने (गर्भावस्था, सुत्केरी अवस्था र अन्न प्राशन) | २२८०००।०० | |
| ८ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | पोषण सम्बन्धी भितेलेखन | ७५०००।०० | |
| ९ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | आयोडिन नून बितरण कार्यक्रम | ६७९००।०० | |
| १० | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | स्वास्थ्य सस्थामा सुत्केरी गराउन ल्याउने महिला स्वास्थ्य स्वयंसेविकालाइ प्रोत्साहन गर्ने | १०००००।०० | |
| ११ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | महिला स्वास्थ्य स्वयंसेविकाको मासिक बैठकमा पोषण सम्वन्धी अन्तक्रिया गर्ने तथा प्रतिवेदन तयार गर्ने, खाजा खर्चको व्यवस्थापन | १०५०००।०० | |
| १२ | पोषण सम्वन्धी जनचेतना र व्यवहार परिवर्तन | सुनौला हजार दिनका विषयमा सासू सासूरा, नन्द आमाजु, श्रीमान र घरपरिवारका अन्य सदस्यसंग छलफल कार्यक्रम | ७६०००।०० | |
| १३ | | अनुगमन तथा मुल्याकंन | ४४०००।०० | |
| | **जम्मा** | | १७०००००।०० | |
| | **कुल जम्मा बाजुरा ७ वटा कार्यालय बजेट** | | ११७००००००।०० | |

***नोट : कार्यक्रमको कार्ययोजना यसै प्रतिवेदन साथ एक्सल फाईलमा अनुसुचीको रुपमा समावेस गरीएको छ ।***

- रिपोटिङ्ग र अनुगमन यस खण्डमा DDC सम्बद्ध भएर गतिविधिहरूको अनुगमन गराएको कुनै कार्यक्रम कार्यान्वयन भएको भए प्रगति भएको सूचना ।

४. **यस आर्थिक वर्षको विषयगत कार्यालयहरूको भौतिक प्रगति (गतिविधिहरू)** : जिल्ला शिक्षा कार्यालय बाजुराले विश्व शिक्षा तथा संयुक्त राष्ट्रसंघिय बालबालिका कोषको सहयोगमा मिति २०७३/०९/०१ गते मालिका स्कुल प्राङगण मार्तडी बाजुरामा सिकाई मेला आयोजना गरेको थियो । उक्त मेलामा उपस्थित विद्यार्थीहरुलाई बहुक्षेत्रीय पोषण योजना बाट पोषिलो जाउलोको व्यवस्था गरीएको थियो । जुन कार्यक्रममा पोषण सम्बन्धि जानकारीमूलक सुचनाहरुको स्टलपनि राखीएको थियो । अन्दाजी १००० जना विद्यार्थि तथा अभिभाकहरुले सो मेलाको अवलोकन गरेको अनुमान गरीएको छ ।

- जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा स्टेरीङ्ग कमिटी (DLNFSSC) द्वारा विषयगत कार्यालयहरुको कार्यक्रमहरूको स्वीकृत भएर कार्यान्वयनको क्रममा रहेको ।
- यस बाजुरा जिल्लामा रहेका १५ वटै गाविसहरुमा गाविस स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भएको पाईन्छ तर त्यसको गतिशिलतामा भने निरन्तरता भएको पाईदैन । यस वर्ष जिविसको तर्फवाट आ.व. २०७४/०७५ को लागि पठाईएको बजेट सिलिङ र मार्ग निर्देशन समेत पठाई बहुक्षेत्रीय पोषण योजना जस्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवस्यक पर्ने समपुरक कोष छुट्टाउनु पर्ने भनी निर्देशन दिईएको छ । श्रावण २०७३ देखी २०७३ पौष मसान्त सम्म जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक ५ पटक वसी विभिन्न निर्णयहरु गरेको छ जुन यस प्रकार छ ।

| क्रं. सं. | बैठक मिति | सहभागि संख्या | महत्वपूर्ण निर्णयहरु | कैफियत |
|---|---|---|---|---|
| १ | २०७३/०४/०३ | २३ | १. आ.व. २०७२/०७३ को कार्यक्रम समिक्षा<br>२. विषयगत कार्यालयहरुले आ.व. २०७२/०७३२ को प्रगती प्रतिवेदन २०७३/०४/०७ भित्रमा जिविसमा पठाई सक्नु पर्ने<br>३. जिविसको कार्यालय बहुक्षेत्रीय पोषण कार्यक्रमको आ.व.२०७२/०७३ का लागि स्वीकृत भएको कार्यक्रम मध्ये सि.नं. २ नागरीक सचेतना केन्द्रलाई पोषण सम्बन्धि अभिमुखीकरण गोष्ठी मार्तडी, बुढीगंगा, कुलदेवमाण्डौ, बाह्रविस र गुदुखाती गाविसमा गर्ने भनिएको कार्यक्रम र सि.नं. ४ को आमा समूहलाई अभिमुखीकरण गोष्ठी कुलदेवमाण्डौ, बुढीगंगा, मार्तडी, बाह्रविस, जुगडा, दहकोट र गुदुखातीमा गर्ने भनिएको कार्यक्रम स्वीकृत गरि अनुमोदन गर्ने निर्णय गरीयो ।<br>४. चालु आ.व.मा संचालन गर्ने कार्यक्रमलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि २ दिने योजना तर्जुमा गोष्ठी आउदो असोज महिना सम्म गर्ने र उक्त गोष्ठि संचालनका लागि आवस्यक सहयोग तथा सहजीकरण गर्न सुआहारा जिल्ला कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>५. सुआहारा जिल्ला कार्यालयका कार्यक्रम संयोजकवाट सुआहारा कार्यक्रम दोस्रो यस जिल्लामा लागु हुने र सोवाट सम्पन्न /संचालन गरिने कियाकलापहरुको बारेमा सामान्य जानकारी यस बैठकमा गरीयो ।<br>६. आजको बैठकको खाजा तथा अन्य खर्चको सहयोग सुआहारा जिल्ला कार्यालयबाट भएकोले धन्यवाद दिईयो । | |
| २ | २०७३/०८/१३ | २३ | १. जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा गत आ.व. २०७२/०७३ सालको वार्षिक प्रगति तथा हालसम्मको अवस्थाका वारेमा सबै विषयगत कार्यालय था निकायहरुबाट जानकारी गराई समिक्षा गरीयो ।<br>२. बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको चालु आ.व. २०७३/०७४ को च.नं. ९१ मिति २०७३/०८/१० को आख्तियारी आजको बैठकमा जानकारी गराईयो ।<br>३. बहुक्षेत्रीय पोषण योजना (वार्षिक) तर्जुमा गर्न यही २०७३/०८/२४ र २५ गते जिविस समिक्षालयमा योजना तर्जुमा गोष्ठी गरी अर्को बैठकमा पेष गर्ने निर्णय गरीयो साथै बहुक्षेत्रीय पोषण सम्बन्धि गाविस सचिवहरुलाई १ दिने अभिमुखिकरण गोष्ठी सुआहाराबाट गर्न अनुरोध गर्ने<br>४. यस जिल्लामा सन् २००७मा सम्पन्नता स्तरीकरण गरीएको र सो लाई आद्यावधिक गर्न आवस्यक भएकोले आद्यावधिकका लागि आर्थिक तथा प्राविधिक कार्यालयका लागि सुआहारालाई जिम्मेवारी दिने र सोकार्यमा LGCDP SM हरुलाई समेत परिचालन गर्ने निर्णय गरीयो । | |

| क्रं. सं. | बैठक मिति | सहभागि संख्या | महत्वपूर्ण निर्णयहरु | कैफियत |
|---|---|---|---|---|
| ३ | २०७३/०८/२४ | ३७ | १. बहुक्षेत्रीय पोषण कार्यक्रमको बारेमा जानकारी भयो ।<br>२. बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको सम्बन्धमा सबै विषयगत कार्यालयहरु तथा सम्बद्ध निकायहरु विचमा साझा समझदारी कायम भयो ।<br>३. बहुक्षेत्रीय पोषण योजनाको सम्बन्धमा सबैको साझा प्रतिबद्धता कायम भई प्रभावकारी रुपमा योजना बनाउने ।<br>४. आ.व. २०७३ / ०७४ को बहुक्षेत्रीय पोषण योजनाको कार्ययोजना तयार गर्ने सम्बन्धमा छलफल गरी अन्तिम निश्कर्षमा पुग्ने । | |
| ४ | २०७३/०९/१० | १० | १.आ.व. २०७३/०७४ को बहुक्षेत्रीय पोषण योजनाको अख्तियारी प्राप्त भए बमोजिम सम्बन्धित विषयगत कार्यालयबाट आ-आफ्नो कार्यालयको तर्फबाट आ.व. २०७३/०७४ को कार्यक्रम तथा कार्ययोजना प्रस्तुत भएकोमा सो माथी व्यपक छलफल गरी आवस्यक पृष्ठपोषण प्रदान गर्ने काम भयो र प्राप्त सल्लाह, सुझाव, प्रतिक्रिया तथा बहुक्षेत्रीय पोषण योजनाको मार्गदर्शनलाई समेत ख्याल गरी सोही अनुरुपको कार्यक्रम तथा कार्ययोजना बनाई सम्बन्धित विषयगत कार्यालयहरुले आ-आफ्नो कार्यक्रम मिति २०७३/०९/१३ गते बुधवार सम्ममा जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा पेश गर्ने निर्णय गरीयो ।<br>२. विषयगत कार्यालयहरुबाट माथी निर्णय नं. १ मा उल्लेख गरे बमोजिमको कार्यक्रम तथा कार्ययोजना प्राप्त भई सके पछि सबै विषयगत कार्यालयका कार्यक्रमहरुलाई कम्पाईल गरी आवस्यक पृष्ठपोषणको लागि संयुक्त राष्ट्रसंघिय बालबालिका कोष लगायतका सरोकारवाल निकायमा मति २०७३/०९/१४ गते विहिवार सम्ममा पठाउने सर्बसम्मत निर्णय गरीयो ।<br>३. सम्बन्धित सरोकारवाला निकायहरुवाट विषयगत कार्यालयहरुको आ.व. २०७३/०७४को बहुक्षेत्रीय पोषण योजनाको कार्यक्रम माथी प्राप्त भएका पृष्ठपोषणलाई दृष्टिगत गरी आवस्यकता अनुसार परीमार्जन गरी आ.व.२०७३/०७४ को कार्यक्रमको स्वीकृतीको लागि जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा पेश गर्ने र समिति वाट कार्यक्रमहरु स्वीकृत गरी अंग्रेजी मिति २०१७ जनवरी पहिलो साता भित्रमा सवैविषयगत कार्यालयहरुको कार्यक्रम सहित फेस फारम भरी संयुक्त राष्ट्रसंघिय बालबालिका कोषमा माग गर्ने सर्ब सम्मत निर्णण गरीयो । | |

| कं. सं. | बैठक मिति | सहभागि संख्या | महत्वपूर्ण निर्णयहरु | कैफियत |
|---|---|---|---|---|
| ५ | २०७३/०९/२२ | ३० | १. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई सघन रुपमा सञ्चालन गर्नका लागि आगामि आ.व.२०७४/०७५ देखि MSNP कार्यक्रम थप गाविसमा थप गरी तपशिलका गाविसमा विस्तार गर्ने निर्णय गरीयो १. काडा, २. छतारा, ३. मानाकोट, ४. रुगीन, ५. विच्छ्या र ६ जगन्नाथ<br>२. चालु आ.व. २०७३/०७४ मा प्राप्त स्वीकृत कार्यक्रम संचालनमा एकरुपता कायम गरी प्रभावकारी रुपमा संचालन गर्न सबै कार्यान्वयन निकायलाई विस्तृत बजेट तर्जुमा तयार गर्दा निम्न नम्सलाई सबैले पाना गर्ने निर्णय गरीयो<br>१) गाविस स्तरीय तालिममा सहभागि खाना खर्च बापत रु. ५००/-<br>२) प्रशिक्षण भत्ता बापत प्रति सेसन रु १५००/- र एक दिनमा बढिमा ४ सेसन तथा प्रति प्रशिक्षकले १ दिनमा २ सेसन मात्र लिन पाउने<br>३) गाविस स्तरमा खाजा खर्च बापत प्रति सहभागि रु १००/-<br>४) गाविस स्तरमा स्टेशनरी प्रति सहभागि रु.७५/-<br>३. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन LGCDP अर्न्तगत कार्यरत सामाजिक परिचालक, सेवाप्रदायक संस्थाका संयोजक र सुआहारा कार्यक्रममा कार्यरत फिल्ड सुपरभाईजरहरुका लागि बहुक्षेत्रीय पोषण सम्बन्धि ३ दिने तालिम २०७३ माघ २० गते देखि २५ सम्म संचालन गर्ने र उक्त तालिमको व्यवस्थापन सुआहाराले गर्ने निर्णय गरियो । | |

**५. वकालत र सञ्चार कार्यहरू :** बाजुरा जिल्लामा जिविस लगायत विभिन्न विषयगत कार्यालयहरुले बहुक्षेत्रीय पोषण योजना संग सम्बन्धित सन्देश मूलक सूचनाहरु स्थानीय एफ एमबाट प्रसारण गरीरहेका छन । आईमाम कार्यकम बाट विभिन्न सन्देशमूलक भित्तेलेखनहरु बडीमालिका क्षेत्रमा गरिएको छ । विभिन्न समयमा स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा पनि कार्यक्रम संग सम्बन्धित सुचनाहरु प्रकाशन भइरहेका छन ।

**६. जिल्लाको पोषण प्रोफाइल तयारीको अवस्था :**

पोषणका सुचकहरुको अवस्था लाई विश्लेषण गरी हेर्दा बाजुरामा पोषणको स्थिति अत्यन्त भयावह रहेको छ । जसको लागि छुट्टै प्रोफाईल तयार भएको छैन । तर यस आ.व. २०७३/०७४ को बहु क्षेत्रीय पोषण योजना अर्न्तगत जिल्ला स्वास्थ्य कार्यालयले कार्यक्रम लागु भएका १५ गा.वि.स.मा भएका सुनौला हजार दिनका आमाहरुको विस्तृत प्रोफाईल तयार गर्ने कार्यक्रम बनाएको छ । जसको लागि गाविसमा कियाशिल सामाजिक परीचालक तथा महिला स्वास्थ्य स्वयंसेवीकाको परीचालन गर्ने गरी रु २८८८०० रकम विनियोजन गरेको छ जुन माघबाट सुरु भई आषाढ सम्ममा सम्पन्न हुनेछ ।




*Figure 1Data Source of Bajura : CBS, World Bank, WFP, UNICEF -2013*

राष्ट्रिय स्तरमा पुड्को पना ३७ प्रतिशत रहेकोमा बाजुरामा ५७.३ रहेको छ जसमा एम एस एन पी ले २०१७ को अन्त्य सम्ममा २९ प्रतिशत मा झार्ने लक्ष्य लिएको छ । ख्याउटेपना राष्ट्रीय स्तरमा ११ प्रतिशत रहेकोमा बाजुरामा ९.४ छ भने एम एस एन पी को लक्ष्य ५ प्रतिशतमा झार्ने रहेको छ । त्यसै गरी कम तौल हुनेको प्रतिशत राष्ट्रिय स्तरमा ३० रहेको छ बाजुरामा ४३.४ प्रतिशत रहेको छ जसमा एम एस एन पी को लक्ष्य २० प्रतिशतमा झार्ने रहेको छ । बाजुरा जिल्लामा माथीका सुचकहरुको अद्यावधिक भने हुन सकेको छैन ।

## ७. चुनौती र सवालहरू र तिनलाई सम्बोधन गर्न चालिएका प्रयासहरू :

बहु क्षेत्रीय पोषण योजना अन्तरगतका कार्यक्रमहरु सञ्चालन गर्ने सन्दर्भमा विभिन्न खालका चुनौती तथा समस्याको सामना गर्नु परिरहेको छ । यस कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन जिल्ला विकास समिति तथा अन्य विययगत कार्यालयहरुबाट हुने भएकोले कतिपय कुरामा समस्या तथा चुनौती देखिएका छन । जुन निम्न प्रकार रहेका छन ।

- जिविस तथा विभिन्न कार्यालयहरुबाट बहु क्षेत्रीय पोषण कार्यक्रमका लागि तोकिएका फोकल पर्सनहरुको कार्य ब्यस्तता तथा फेर बदलले गर्दा कार्यक्रमको बुझाईमा फरक पर्न गएको छ ।
- कार्यालय प्रमुख तथा फोकल पर्सनहरुको लागि थप क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न सकिएको देखिएन ।
- गाउ विकास समिति अन्तरगतका गठन भएका गाउ स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकलाई गाविसहरुले स्वरु स्र्फुत रुपमा गतिशील बनाउन सकिरहेका छैनन । गत वर्ष उक्त समितिहरुको वैठक सम्पन्न गरि क्रियाशील गर्न सकिएको छैन ।
- बहुक्षेत्रीय पोषण योजनाको सीमित बजेट भएका कारण सबै गाविस तथा समुदायमा कार्यक्रम विस्तार गर्न सकिएको छैन । समुदायको कार्यक्रम संग धेरै ठुलो अपेक्षा रहेको ।
- भौगोलिक रुपमा दुर्गम तथा विकटताका कारण कार्यक्रमको कार्यान्वयन तथा अनुगमनमा कठिनाई हुने गरेको । गाविसमा यातायातको सुविधा नभएकाले कार्य सञ्चालनमा कठिनाई भएको ।

## ८. अघिल्लो आर्थिक वर्षमा प्राप्त सिकाई र नविनतम अभ्यासहरू :

MSNP कार्यान्वयन गर्ने कममा सबै भन्दा महत्वपूर्ण कार्य भनेको जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको सक्रियता देखिएको छ । कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा गाविसका क्रियाशील सामाजिक परिचालकहरुलाई पनि संलग्न गराइएको पाइएको छ। गत बर्षका कार्यान्वयन अभ्यासका केही सिकाईहरु तथा अभ्यासहरु तपसील बमोजिम रहेका छन ।

- कार्यक्रम को योजना , कार्यान्वयन तथा अनुगमनबारे जिल्ला पोषण तथा खाद्य निर्देशक समितिको बैठकमा छलफल हुने गरेको ।
- कार्यक्रमले वडा नागरीक मंच, नागरीक सचेतना केन्द्र तथा महिला स्वास्थ्य स्वयं सेवीकाहरुलाई परिचालन गरि क्रियाकलापहरु कार्यान्वयन गर्ने गरेको ।
- जिल्ला स्तरमा विभिन्न सरोकारवाला निकाय वीच सम्पर्क समन्वय गर्ने अभ्यासको थालनी भएको ।

**९. MSNP कार्यान्वयनमा जिल्ला विकास समितिको मन्तव्य :**

बाजुरा जिल्लामा शुरुको अवस्थामा आ.व २०७१/७२ बाट २ वटा गाविसमा नमुनाको रुपमा बहुक्षेत्रीय पोषण कार्यक्रम लागु भई हाल १२ वटा गाविस तथा एक नगरपालिकामा सञ्चालन हुदै आइरहेको छ । यस प्रयासले सीमित स्रोत साधनका बावजुद पनि बाजुरा जिल्लाको बढदै गइरहेको कुपोषणको अवस्थालाई कम गर्न सवै सरोकारवालाहरुलाई झकझक्याएको छ । गत वर्षहरुको कार्यक्रम सञ्चालनले कुपोषणको भयाबह अवस्थाको जिल्लाका प्रमुख सरोकारवाला निकायलाई महसुसीकरण गराउन सफल भएको छ। कुपोषणको अवस्था बाजुरा जिल्लामा दिन प्रतिदिन बढदै गइरहेकाले यसको रोक थाम तथा उपचार निकै चुनौतीपुर्ण पनि रहेको छ ।

बहुक्षेत्रीय पोषण कार्यक्रमलाई अहिले सम्म १२ गाविस तथा एक नगरपालिकामा मात्र विस्तार गर्न सकिएको छ । यस अवस्थालाई मध्यनजर गरि जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट थप ६ वटा गाविसमा अर्को आर्थिक बर्षबाट विस्तार गर्ने निर्णय गरिएको छ । जसबाट अन्य थप गाविसका समुदायहरु पनि यस कार्यक्रमबाट लाभ लिन सक्नेछन ।

जिल्ला विकास समिति तथा अन्य विषयगत कार्यालयबाट सञ्चालन हुने MSNP अन्तरगतका सवै कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यसको व्यवस्थापन, कार्यान्वयन तथा अनुगमनमा जिविस बाजुराले आबश्यक पहल चाल्ने छ । जिविसले कार्यक्रमको संयुक्त अनुगमनका लागि आबश्यक प्रबन्ध गरि कार्यक्रमलाई थप प्रभावकारी वनाउने छ ।

यसै गरि कार्यक्रमको निरन्तर प्रगति फलो अप गरि कार्यक्रम संग सम्बन्धित समस्या, सवाल तथा चुनौतिलाई सम्बोधन गर्नका लागि जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाइ सक्रिय वनाइने छ । यसको वैठकलाई नियमीत मासिक रुपमा सञ्चालन गरिने छ। साथै समुदाय स्तरमा सञ्चालन भइरहेका कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा आबश्यक सम्पर्क समन्वयका लागि गाउ पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठकलाई नियमीत गराउन गाविस सचिवहरुलाई निर्देशन गरिएको छ ।

गाविस स्तरीय कार्यक्रमको कार्यान्वयन गर्दा खेरी सवै कार्यालयहरुलाई गाविस स्तरमा रहेका वडा नागरीक मञ्च तथा नागरीक सचेतना केन्द्रहरुलाई परिचालन गर्नु पर्ने कुरामा सवै विषयगत कार्यालयहरु सगं जिविसले आबश्यक समन्वय गरिरहेको छ ।

जिल्ला विकास समिति बाजुराले आगामी आर्थिक वर्षको मार्ग दर्शन तथा बजेट सिलिङ पठाउदा पोषण जन्य गतिबिधी सञ्चालनका लागि सम पुरक कोषको स्थापना गर्न निर्देश गरिएको छ । आगामी दिनहरुमा पनि पोषण सम्बन्धी सवालहरुलाई मुल प्रवाहीकरण गरि सवै सरोकारवाला पक्षलाई यस क्षेत्रमा प्रतक्ष्य सहभागी तथा साझेदार वनाउनका लागि जिविस बाजुराले सदैव सकारात्मक पहल कदमी चाल्नेछ ।

प्रकाशराज पौडेल
स्थानीय विकास अधिकारी

स्थानीय विकास अधिकारी

बहुक्षेत्रीय पोषण योजना जिल्ला सहयोग टिम - जि.सं. **श्री गणेश प्रसाद जोशी** यो.अ.र सु.व्य.अ. **दामोदर न्यौपाने**